# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, भदौ ६ गते २०५४ साल (अतिरिक्ताङ्क २३ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय स्वास्थ्य मन्त्री श्री राधाकृष्ण मैनाली विश्व स्वास्थ्य संगठनसंग सम्बद्ध राष्ट्रका स्वास्थ्य मन्त्रीहरूको पन्ध्रौं सम्मेलनमा भागलिन २०५४ साल भदौ ६ गते थाइल्याण्डको च्याङमाई जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हालो आउनु भएको स्वास्थ्य मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय निर्माण तथा यातायात मन्त्री श्री भरतमोहन अधिकारीले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय कानून तथा न्याय मन्त्री श्री प्रेमबहादुर सिंह एशियाली विकास बैंकको आयोजनामा हुने न्याय मन्त्रीहरूको गोलमेच बैठक र पन्ध्रौं ल एशिया सम्मेलनमा भागलिन २०५४ साल भदौ ७ गते फिलिपिन्सको मनिला जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको कानून तथा न्याय मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय उप-प्रधानमन्त्री तथा गृह मन्त्री श्री वामदेव गौतमले सम्हाल्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संवैधानिक परिषद्को सिफारिशमा श्री देवशरण प्रसादलाई लोक सेवा आयोगको सदस्य पदमा नियुक्त गरिबक्सेको छ ।

## सूचना ४

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम सवैधानिक परिषद्को सिफारिशमा लोक सेवा आयोगको अध्यक्ष श्री सन्तबहादुर राईलाई २०५४ साल भदौ ७ गतेदेखि लागू हुने गरी उक्त आयोगको अध्यक्ष पदमा पुर्ननियुक्ति गरिबक्सेको छ।

## सूचना ५

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संवैधानिक परिषद्को सिफारिशमा देहायका व्यक्तिहरूलाई निर्वाचन आयोगको आयुक्त पदमा नियुक्त गरिबक्सेको छ ।

१. श्री अच्यूतनारायण राजभण्डारी
२. श्री रमेशजंग थापा
३. श्री विश्वमान श्रेष्ठ

## सूचना ६

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संवैधानिक परिषद्को सिफारिशमा देहायका व्यक्तिहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्त पदमा नियुक्त गरिबक्सेको छ।

१. श्री माधवदत्त भट्ट
२. श्री इन्द्रबहादुर शेरचन
३. श्री कृष्णवल्लभ शर्मा काफ्ले

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।